# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०५।२० गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

सुर्यविनायक नगरपालिका वडा नं.-५ सल्लाघारीमा गंगालाल श्रेष्ठले घर भाडामा लिई जुवा तास खेलाएकोमा महानगरीय प्रहरी परिसर भक्तपुरले छापा मारी जुवा खेल्ने र खेलाउने व्यक्तिहरू समेतलाई नियन्त्रणमा लिई मुद्दा चलाएकोमा निज गंगालाल श्रेष्ठ धरौटीमा छुटी पुन: जुवा तास खेलाउनका लागि सहज वातावरण गराई दिनु पऱ्यो भनि घुस रिसवत दिन्छु भनी प्रहरी कर्मचारीलाई प्रलोभन देखाएको भन्ने सूचनाको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गालबाट खटिई गएको टोलीले भक्तपुर नगरपालिका वडा नं.-१ बस्ने निज गंगालाल श्रेष्ठलाई प्रहरी कर्मचारीलाई रू.४०,०००।– (चालीस हजार) घुस रिसवत दिन खोज्ने क्रममा महानगरीय प्रहरी परिसर भक्तपुरको कार्यालय परिसरबाट नियन्त्रणमा लिएको थियो।

अनुसन्धानको क्रममा राष्ट्रसेवक प्रहरी कर्मचारीलाई जुवा/तास खेल्न, खेलाउन सहज वातावरण बनाईदिन भनी घुस/रिसवतबापत दिएको देखिन आएकोले निज गंगालाल श्रेष्ठको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रू.४०,०००।– (चालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय गरी घुस/रिसवतबापत दिएको रकम बिगो रू.४०,०००।– (चालीस हजार) ऐनको दफा ३ को उपदफा (१) बमोजिम जपत हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**प्रदीपकुमार कोइराला**
**प्रवक्ता**